नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौँ।

# रासायनिक मल पैठारी सम्बन्धमा स्वतन्त्र सर्भेयरको सूची अध्यावधिक गर्ने सिलसिलामा सर्भेयरको मान्यता प्राप्त गर्नको लागि आवेदन गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८३/०२/१४)

रासायनिक मलको नियमनको लागि नेपाल सरकारले जारी गरेको रासायनिक मल (नियन्त्रण) आदेश, २०५५ (संशोधन सहित) बमोजिम नेपालभित्र पैठारी गरिने रासायनिक मलको परिमाण, गुणस्तर, प्याकेजिङ्ग र लेबलिङबारे उक्त आदेश बमोजिम भए नभएको सम्बन्धमा स्वतन्त्र सर्भेयरको हैसियतमा रासायनिक मलको गुणस्तर सम्बन्धी सर्भेक्षण गरी प्रमाणित गर्ने अख्तियारीको मान्यता पाउनको लागि देहायका योग्यता पुगेका संस्थाहरूबाट प्रथम पटक सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र मन्त्रालयसमक्ष आवेदनका लागि यो सूचना प्रकाशित गरिएको छ। साथै, यस अघि सूचीकृत भइसकेका संस्थाहरू समेत प्रत्येक वर्ष पुनः सूचीकृत हुन अनिवार्य आवेदन पेश गर्नु पर्नेछ।

**सर्भेयरको मान्यताका लागि तोकिएका योग्यताहरू:**

१. संस्थाले सम्पादन गर्ने मुख्य कामहरूका हकमा रासायनिक मल, प्रांगारिक मल, जैविक मल एवम् यस प्रकारका मल उत्पादन गर्न आवश्यक कच्चा पदार्थ, सूक्ष्म तत्वहरू सम्बन्धी अध्ययन/अनुसन्धान तथा परीक्षण लगायतका कार्य।

२. उपरोक्त बमोजिमको सर्भेक्षण कार्यको लागि आवेदक संस्थासँग सक्षम जनशक्ति (कम्तीमा कृषिमा स्नातक वा रसायनशास्त्रमा स्नाकोत्तर उत्तीर्ण भएको) उपलब्ध हुनुपर्ने।

३. सर्भेक्षण कार्यको लागि Nepal Lab Accreditation Scheme (NEPLAS) बाट सम्बद्धता (Accreditation) प्राप्त प्रयोगशाला सुविधा आवेदक संस्था स्वयंसँग उपलब्ध हुनुपर्ने।

**निवेदनसाथ संलग्न गरिनुपर्ने कागजातहरू:**

१. संस्था दर्ता/ स्थापना प्रमाणपत्रको प्रतिलिपि।

२. गत आ.व.को आयकर चुक्ता गरेको प्रमाणपत्र वा निस्साको प्रमाणित प्रतिलिपि।

३. उल्लेखित योग्यता खुल्ने कागजात एवम् विवरणहरू प्रमाणित प्रतिलिपि।

४. सर्भेक्षण कार्य गर्ने सम्बन्धी कार्ययोजना।

५. प्रयोगशाला क्षमता तथा परीक्षण कार्यविधिको विवरण।

**नोट:-** विस्तृत जानकारीको लागि कृषि, वन तथा पर्यावरण मन्त्रालय, कृषि सामग्री व्यवस्थापन तथा प्रविधि शाखामा ***alms.moad@gmail.com*** मार्फत सम्पर्क राख्न सकिनेछ।